नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री गणेश अर्याललेगरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-२९० दायर मिति:-२०८१/११/१८**

**फैसला मिति:-२०८१/११/१८**

**वादी**

**प्रहरी प्रतिवेदनले**

**नेपाल सरकार.........................१**

**प्रतिवादीहरु**

**जिल्ला पर्सा वी.म.न.पा.वडा नं.२७ बस्ने भगवत महतोको छोरा बर्ष ३१ को रोहित कुमार समेत २ जना ...............१**

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीहरुले प्रहरीलाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेको भन्ने प्रहरी प्रतिवेदन.।

२. प्रतिवादीहरुले प्रहरीलाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।

३. मैले प्रहरीलाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेको ले पक्राउ गरेको हो भन्ने प्रतिवादीहरुको बयान कागज।

४. प्रहरीलाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेको ले कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका सत्रुधन प्रसाद यादव समेतको घटनाविवरण कागज।

५. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।

६. प्रतिवादीहरु यस कार्यालयमा उपस्थित भई गरेको साविती बयान ।

**ठहर-खण्ड**

यसमा मिति २०८१।११।११ गते अं.१८ः३० बजेको समयमा जिल्ला पर्सा वीरगंज म.न.पा.वडा नं.१३ स्थित सडकमा रोहित कुमार र दिपकबाबु यादवलाई शंकास्पद अवस्थामा फेला पारी सोधपुछ गर्दा निजहरुले आवेशमा आई बिभिन्न अपशब्द प्रयोग गरी गाली गलौज गर्दै कर्तव्य पालनामा बाधा पुऱ्याई अभद्र व्यवहार गरेकोले निजहरुलाई पक्राउ गरी आवश्यक कारवाहीको लागी दाखिला गरेको भन्ने समेत व्यहोराको प्रहरी प्रतिवेदन भन्ने प्रहरी प्रतिवेदन तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीहरुले गरेको बयान तथा प्रतिवादीहरु यस कार्यालयमा उपस्थित भई गरेको साविती बयान समेतको आधारमा यी प्रतिवादीहरुले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। यसरी प्रतिवादीहरुलाई शंकास्पद अवस्थामा फेला पारी सोधपुछ गर्दा निजहरुले आवेशमा आई बिभिन्न अपशब्द प्रयोग गरी गाली गलौज गर्दै कर्तव्य पालनामा बाधा पुऱ्याई अभद्र व्यवहार गरेको तथ्य स्थापित हुन गएको देखिएको अवस्था समेतलाई बिश्लेषण गरी मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादीहरु रोहित कुमार र दिपकबाबु यादवलाई कैद दिन ७ र जरिवाना जनही रु.१००००/- अक्षरेपी दस हजार मात्र ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**तपसिल खण्ड**

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादीहरु रोहित कुमार र दिपकबाबु यादवलाई ठहरेको कैद दिन ७ को हकमा निजहरु मिति २०८१/११/११ देखि २०८१/११/१७ सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवानाको हकमा जनही रकम रु.१००००/- असुल उपर गर्नु कट्टी गर्नु-----------------------------------------------------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीहरुलाई पुनरावेदनको म्याददिनु------------------------------------------------------------------------------------------------१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु--------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------१

**गणेश अर्याल**

**प्रमुख जिल्ला अधिकारी**

ईति सम्वत् २०८१ फाल्गुन महिना १८ गते आईतवार रोज १/ ने.सं. ११४५ चिल्लाथ्व तृतिया,शुभम् .......